भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दोलखा

# विद्यार्थी पोशाक सम्वन्धि वोलपत्र आह्वानको सूचना ।

(प्रथम पटक प्रकाशन मिति : (२०७५/६ /१७ गते)

१) यस नगरपालिकालाई आवश्यक पर्ने तपसिलबमोजिमको विद्यार्थी पोशाक आपूर्ति गर्न इच्छुक फर्म/कम्पनी/संस्थाले देहायवमोजिमको शर्तहरुको अधिनमा रहि रितपुर्वकको वोलपत्र पेस गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२) बोलपत्र पेस गर्दा यो सूचना प्रकाशित भएको मितिले तोकिएको मिति तथा समय भित्र फर्म/कम्पनी/संस्था दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, आ.व. २०७३/०७४ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र बोलपत्र फाराम दस्तुर (रकम फिर्ता नहुने गरी) वापतको रकम कार्यालयमा नै दाखिला गरी नगदी रसिद वा यस कार्यालयको नाममा नेपाल वैंक लिमिटेड, चरीकोट, दोलखामा रहेको संञ्चित कोष खाता नं. १३००३००००००००४००१०१२ मा जम्मा गरी सो को भौचर संलग्न गरी पेस गर्नुपर्ने छ ।

३) खरिद गरिएका वोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरि प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले तोकिएको मिति तथा समय भित्र यस कार्यालयमा आई वा E–biding को माध्यामबाट वोलपत्र दर्ता गराउन सकिनेछ ।

४) वोलपत्र फाराम साथ बोलपत्र जमानत रकम यस कार्यालयको नाममा नेपाल वैंक लिमिटेड, चरीकोट, दोलखामा रहेको खाता न १३००३००००००००३०००११ मा जम्मा गरि सो को भौचर (for bid security purposes) वा मान्यता प्राप्त क वर्गको वैंकवाट यस कार्यालयको नाममा जारी गरिएको वोलपत्र खोल्ने मितिबाट १२० दिन म्याद भएको बोलपत्र जमानी पत्र (विडवण्ड) वोलपत्र साथ पेश गर्नुपर्नेछ ।

५) दर्ता हुन आएका वोलपत्रहरु यस कार्यालयमा वोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

६) प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७) यस नगरपालिका क्षेत्रभित्र रहेका सम्पुर्ण विद्यालयहरुमा गै कक्षा ५ सम्मका प्रत्येक विद्यार्थीहरुको नाप लिई सिलाई गरी तयारी पोशाक उपलब्ध गराउनु पर्नेछ ।

८) वोलपत्र सम्वन्धी अन्य सर्तहरु वोलपत्र फाराममा उल्लेख गरेवमोजिम हुनेछन् ।

९) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अनुसार हुनेछ ।

१०) अन्य केही कुरा बुझ्नु परेमा यस कार्यालयको फोन नम्बर ०४९-४२१४९१ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | लागत अनुमान रकम रु | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम तथा मान्य अवधि | वोलपत्र फाराम खरिद अवधि | वोलपत्र फाराम दाखिला अवधि | वोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| BMP/NCB/ GOODS/ 2075-076/19 | Student Dress | थान -२५०० (दुई हजार पाँच सय) | ३०,००,०००/- (अक्षरेपि तीस लाख रुपैयाँ मात्र) | ३,०००/- | रु ९०,०००/- (अक्षरेपि नब्बे हजार रुपैयाँ मात्र) ( बोलपत्र खोलिने मितिबाट १२० दिनसम्म म्याद रहेको बोलपत्र जमानत ) | सूचना प्रकाशन मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र | सूचना प्रकाशन मितिले ३१ औ दिन दिनको १२ वजेभित्र | सूचना प्रकाशन मितिले ३१ औं दिन दिनको २ वजेभित्र |